# प्रदेश नं ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४

मन्त्रिपरिषद्‌बाट पास भएको मितिः २०७४।१२।०६

प्रथम संशोधन मितिः २०७५।०४।२३

प्रस्तावनाः प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश नं ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन)आदेश, २०७४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिमको प्रदेश योजना आयोग सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ७ बमोजिमको प्रदेश विकास परिषद् सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं ५ प्रदेश सम्झनु पर्छ ।

(च) "प्रदेश सरकार" भन्नाले प्रदेश नं ५ प्रदेश मन्त्रिपरिषद सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ ।



सचिव

परिच्छेद - २

## आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. आयोगको गठनः (१) प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन गरिएको छ ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्:-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष

(ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा चार जना - सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रमुख सचिव आयोगको बैठकमा स्थायी आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

(४) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी गरिनेछ ।

(क) आर्थिक विकास,

(ख) सामाजिक तथा मानव विकास र सुशासन,

(ग) भौतिक पूर्वाधार, जलश्रोत तथा उर्जा,

(घ) कृषि तथा पर्यटन,

(ङ) प्राकृतिक र मानव स्रोत व्यवस्थापन ।

(५) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नेछन् ।

४. <u>आयोगको बैठक:</u> (१) आयोगको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले आयोगको बैठक बोलाउनेछ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ।

५. <u>आयोगको नियमित बैठक:</u> (१) आयोगको नियमित कार्यसञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्यांकनका लागि आयोगको नियमित बैठक कम्तिमा प्रत्येक महिनामा एकपटक बस्नेछ ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य सचिवले बोलाउनेछ ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको नियमित बैठकमा पदेन सदस्यको उपस्थिति अनिवार्य हुने छैन ।

(५) आयोगको नियमित बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

सचिव

६. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारका अतिरिक्त आयोगको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) <u>दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमाः</u>

(१) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

(४) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(५) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्वन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(६) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,

(७) प्रदेशको स्थिति पत्र, श्वेतपत्र तयार गर्ने,

(८) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

<u>(ख) अनुगमन तथा मूल्यांकनः</u>

(९) अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि, ढाँचा बनाउने,

(१०) प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,

(११) मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्रास कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन

गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(१२) अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्यांकनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

(ग) तहगत समन्वयः

(१३) प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः

(१४) कुनै प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(१५) प्राज्ञिक, सर्रावजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(१६) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत ब्यवस्थापन र सुशासन तथा ब्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र ब्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने बिषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

(ङ) लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने ।

सचिव

परिच्छेद-३

प्रदेश विकास परिषद्

७. प्रदेश विकास परिषद्: (१) आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु - सदस्य

(ग) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(घ) प्रदेश-संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(ङ) प्रदेश-संसदका समितिका सभापतिहरु - सदस्य

(च) आयोगको उपाध्यक्ष - सदस्य

(छ) आयोगका सदस्यहरु - सदस्य

(ज) प्रदेश सरकारका मन्त्रालयहरुका सचिवहरु - सदस्य

(झ) सबै जिल्ला समन्वय समितिका प्रमुखहरु - सदस्य

(ञ) स्थानीय तहका प्रमुख/अध्यक्षहरुमध्येबाट परिषद्का अध्यक्षले तोकेको बढीमा १२ जना - सदस्य

(ट) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनित १२ जना - सदस्य

(ठ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

८. परिषद्को बैठक सम्बन्धी व्यवस्थाः (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्य सचिवले परिषद्को बैठक बोलाउनेछ ।



सचिव

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) परिषद्को निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ ।

(५) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

९. प्रादेशिक योजनाको स्वीकृतिः परिषद्को बैठकमा आयोगले तयार गरेको प्रादेशिक योजना छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ ।

## परिच्छेद-४

## उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

१०. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः (१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढंगले सम्पादन गर्ने गराउने,

(ख) प्रदेशको समग्र आर्थिक अवस्था, चालू योजना, प्रदेश प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा आयोगका अध्यक्ष तथा मुख्यमन्त्रीलाई जानकारी गराउने,

(ग) आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने ।

११. सदस्यको काम, कर्तव्य र अधिकारः सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गरी आयोगमा जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

(ङ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने ।



सचिव

## परिच्छेद-५

## उपाध्यक्ष तथा सदस्यको सेवाको शर्त तथा सुविधा

१२. योग्यताः देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैतीस बर्ष उमेर पुगेको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट दफा ३ को उपदफा (४) मा उल्लेख गरिएका विषयसंग सम्बन्धित विषयमा विद्यावारिधि गरेको वा विश्वविद्यालयको सह-प्राध्यापक भै कामगरेको वा स्नातकोत्तर तह हासिल गरी विकास, योजना, नीति अनुसन्धान, कानुन, प्राज्ञिक वा व्यवस्थापकीय क्षेत्रमा रही कम्तीमा दश वर्ष काम गरी विशिष्टता हासिल गरेको,

(घ) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) नियतवस बैकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) प्रचलित कानून वमोजिम अयोग्य नभएको ।

१३. आयोगको कार्यावधी :(१) आयोगको कार्यावधी काम सुरु गरेको मितिले ३ वर्षको हुनेछ।

(२)उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले कुनै कारणवश विघटन गर्न चाहेमा जुनसुकै बखत आयोगको कार्यावधी समाप्त हुने गरी निर्णय गर्न सक्नेछ ।

१४. पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा उपाध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः-

(क) मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा,

(ख) निजले प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) निजमा दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा, वा

(ङ) निजको मृत्यु भएमा, वा

(घ) कुनै कारणवश प्रदेश सरकारले आयोग विघटन गरेमा ।

१५. उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः (१) उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक भत्ता तथा भ्रमण अनुसूची-१ बमोजिम हुनेछ।



सचिव

(२) सवारी साधन र अवासको लागी सरकारी भवन व्यवस्था हुन नसकेमा सो व्यवस्था नभएसम्मका लागि अनुसूची-१ बमोजिमको सुविधा उपलब्ध हुनेछ ।कुनै पदाधिकारीले निजी सवारी साधन प्रयोग गरेमा यातायात सुविधाको सट्टा सो अनुसूची बमोजिम ईन्धन, मोविल र मर्मत खर्च मात्र उपलब्ध गराईनेछ ।

१६. <u>शपथः</u> उपाध्यक्ष तथा सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-२ बमोजिमको ढाँचामा उपाध्यक्षले अध्यक्ष समक्ष र सदस्यहरुले उपाध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्नेछ ।

१७. <u>स्वीकृति लिनु पर्नेः</u> (१) उपाध्यक्ष तथा सदस्यले आयोगको कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

## <u>आयोगको सचिव, जनशक्ति तथा बजेट</u>

१८. <u>सचिवालयः</u> (१) आयोगको सचिवालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

(२) प्रचलित कानून र यस आदेशका अन्य दफामा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगका सचिवले आयोगले तोकेका अन्य कार्य गर्ने, गराउनेछन्।

१९. <u>जनशक्ति तथा बजेट सम्वन्धी व्यवस्थाः</u> (१) आयोगको कार्यालय प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसारका जनशक्तिको व्यवस्था गर्नेछ ।

(२) आयोगका लागि आवश्यक बजेट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत उपलब्ध गराइनेछ।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

## परिच्छेद-७

## विविध

२०. पालना गर्नु पर्नेः आयोगले यस आदेश तथा अन्य प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कार्यका सम्बन्धमा निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरु योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

२१. अधिकार प्रत्यायोजनः आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. प्रतिवेदन पेश गर्नेः (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशका आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

२३. निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्नेः यस आदेशको उद्देश्य पूर्तिका लागि आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

सचिव

# अनुसूची-१

## आयोगका उपाध्यक्ष तथा सदस्यहरुको सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई दर | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ४९,०००।- | ४८,१००।- |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | १५,०००।- | १५,०००।- |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु | ५०,०००।- | ५०,०००।- |
| ४. | सवारी साधन | मोटर (वटा) | १ | - |
| ५. | सवारी इन्धन (पेट्रोल/डिजेल) | लिटर(मासिक) | १२५ | १०० |
| ६. | मोविल | लिटर (त्रैमासिक) | ५ | ५ |
| ७. | सञ्चार सुविधा (टेलिफोन,इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | २,०००।- | २,०००।- |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | २,०००।- | २,०००।- |
| ९. | अतिथी सत्कार | प्रति महिना रुपैयाँ | ५,०००।- | ५,०००।- |
| १०. | यातायात सुविधा | प्रति महिना | २०,०००।- | २०,०००।- |

१. सवारी साधन र आवास उपलब्ध गराइएको अवस्थामा क्र.सं. २ र १० बमोजिमको सुविधा रकम उपलब्ध गराइने छैन ।

२. उपाध्यक्ष तथा सदस्यहरुले सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्नुपर्दा क्रमशः प्रदेश सरकारका प्रमुख सचिव र सचिव सरह दैनिक तथा भ्रमण भत्ता सुविधा उपलब्ध गराइनेछ ।

सचिव

# अनुसूची-२

(दफा १६ सँग सम्बन्धित)

## शपथको ढाँचा

म ........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु /ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै ...................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः ............................ नाम, थरः .............................

दस्तखत ..............................



सचिव

# अनुसूची-२

(दफा १६ सँग सम्बन्धित)

<u>शपथको ढाँचा</u>

म ........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु /ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै ....................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मितिः .............................                                        नाम, थरः ..............................

दस्तखत ...............................



सचिव